गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल

**मिति २०८१।०३।१३ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को २४ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको १५ औं नगर सभा अधिवेशनको बिषयमा बैठकमा समिक्षा गरियो, साथै नगरपालिकाको विकास निर्माण एवं सेवा प्रवाह लगायतका कार्यमा सहयोग गर्ने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, स्थानीय राजनीतिक दलहरु, आम नागरिक, पत्राकार जगत, संघ संस्था सबैमा हार्दिक धन्यवाद दिदै आगामी दिनहरुमा समेत यसै बमोजिमको सहयोग समन्वय र सहकार्यको लागि हार्दिक आग्रह गर्दै नगर सभा अधिवेशनलाई सफलतापूर्व सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा सबैमा धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

१. गैंडाकोट नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यबस्थित बसोवासिको जग्गा सर्भे तथा नाप नक्सा तयार गर्न आवश्यक नियन्त्रण विन्दु ( Control Point) को सर्भे तथा स्मारक निर्माण सम्बन्धी दोश्रो चरणको प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री Geospatial Insight Services Pvt.Ltd kageshori Manohara Kathmandu का तर्फबाट भएको विषयविज्ञको पृष्ठपोषण सहितको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

२. गैंडाकोट नगरपालिकाको वडा नं. २, ३ र ८ को वडा कार्यालय भवनको DPR को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री Green Sahara Consulting and Construction Pvt,Ltd Khairahani-8, Chitwan को तर्फबाट बिषय विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

३. गैंडाकोट नगरपालिका वडा नं. ९ मा रहेको नवजागरण क्रिकेट खेलमैदानको IEE को प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री अराइज इन्जिनियरिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि. शंखमुल-३१,काठमाण्डौंको तर्फबाट विषय विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

४. गैंडाकोट नगरपालिकाको आर्थिक सर्वेक्षणको प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री अलना इन्टरनेशनल सर्विसेस प्रा.लि. काठमाण्डौंको तर्फबाट विषय विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

५. गैंडाकोट नगरपालिकाको लैंगिक समानता र सामाजिक समावेशीकरण नीतिको प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था श्री विजय विकास स्रोत केन्द्र गैंडाकोटको तर्फबाट विषय विज्ञको पृष्ठपोषण सहित भएको प्रस्तुतीकरणलाई अनुमोदन गर्ने ।

**निर्णय नं. ३** महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना(०७९/०८०-०८१/०८२) कार्यान्वयनका लागि गैंडाकोट नगरपालिकाको द्वन्द्वपीडित ,महिला तथा बालवालिकाको समष्टिगत आवश्यकता पहिचान समिति एवं कार्यान्वयन समितिबाट पेश भएको गोपनीयता तथा संवेदनशिलता सम्बन्धी आचार संहितालाई अनुमोदन गर्ने र सोको कार्यान्वयनका लागि सूचना प्रकाशन लगायत आवश्यक कार्य गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र नगर अस्पतालको सुरक्षाको लागि विगत आ.व. देखि निरन्तर सेवा प्रदान गरेको श्री भेट्रान सेक्युरिटी ट्रेनिंग एण्ड सप्लाई सर्भिस प्रा.लि.कोटेश्वोर, काठमाडौँसंगको सुरक्षा गार्ड सम्बन्धी सेवा नगरपालिकाले आफ्नै नगर प्रहरी छनौट भई कार्य प्रारम्भ गरेकोले आगामी आ.व. २०८१/०८२ देखि नविकरण नगर्ने निर्णय गरियो ।

सुविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको कार्यालयको तर्फबाट आ.व.२०८१/०८२ मा चालू खर्चलाई कटौती गर्ने, नगर कार्यपलिकाको कार्यालय बाहेक अन्य निकायबाट खरिद कार्य नगर्ने, चालू खर्चलाई नियन्त्रण गर्न कार्यालयको तर्फबाट सवारी साधन खरिद समेत नगर्ने, औचित्य र आवश्यकता पुष्टी भएको खण्डमा कार्यपालिकाले निर्णय गरे बमोजिम गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगर कार्यपालिकाको कार्यालयको तर्फबाट आ.व.२०८१/०८२ मा वडा स्तरको उज्यालो कार्यक्रमलाई नगरले एकद्वार प्रणालीबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत करार/ज्यालादारी कर्मचारीहरुको कार्यसम्पादन स्तर तथा कार्यरत कार्यालयहरुको सिफारिस समेतको आधारमा कार्यसम्पादन स्तर सन्तोषजनक देखिएकोले सेवा निरन्तरता दिन ईच्छुक एवं कार्यालयमा सेवा नविकरणका लागि निवेदन पेश गरेका कर्मचारीहरुको नगर कार्यपालिकाको कार्यालयबाट (मिति २०८१ पौष मसान्तसम्म) छ महिनाको लागि सेवा करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगर कार्यपालिकाको कार्यालयले सीप परिक्षण, तालिम सञ्चालन लगायतको लागि नगरपालिकाको एक छुटै कोषको स्थापना गर्ने निर्णय गरियो।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको सन्दर्भमा कुनै योजना तथा कार्यक्रमलाई तोकिएको रकम मध्ये कार्य सम्पन्न भए पश्चात बाँकी रहेको रकमलाई रकमान्तर गर्ने एवं अन्य शिर्षकमा निर्णय गरी खर्च गर्ने पद्धतीलाई पूर्ण रुपमा वन्द गर्ने निर्णय गरियो।

**निर्णय नं. १०** आगामी आ.व.२०८१/०८२ मा कार्य सञ्चालन गर्ने नगरस्तरीय एवं नगर गौरवका आयोजनाहरु सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण र विस्तृत परियोजना विवरण तयार गरेर मात्र सञ्चालन गर्ने, हाललाई यो बर्ष देखि नै देहायका आयोजनाहरुको कार्य अगाडी बढाउने निर्णय गरियो।

१. जयश्री खोला तटबन्धन
२. बेल्डिया खोला तटबन्धन
३. झरही खोला तटबन्धन
४. निर्माण हुन बाँकी रहेका वडा कार्यालय भवनहरु

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख